# तिनाउ गाउँपालिका

# बजेट बक्तव्य

## २०८३।०८४

मितिः २०८२ असार ०९ गते, मंगलवार

**गाउँ सभा सचिवालय**

**दोभान,पाल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

सभाध्यक्ष महोदय,

सभाका सदस्य ज्यूहरु,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम तिनाउ गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकको हैसियतले म लाल बहादुर थापा यस गरिमामय सभामा आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। आर्थिक तथा समावेशी विकास र सुशासन मार्फत नागरिकका विकास निर्माणका चाहनालाई प्राथमिकतामा राखी तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु।

यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजैनैतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा, आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदप्रति भावपूर्ण श्रर्दान्जली अर्पण गर्दछु।

प्रस्तुत बजेट, संघीयता स्थापना पश्चात स्थानीय तहको दोस्रो कार्यकालको पाचौँ बजेट हो। यस अवसरमा समग्र तिनाउबासीको सन्तुलित विकासको चाहनालाई मध्यनजर गरी सबै टोल बस्तीहरु भित्रका महिला, दलित, सिमान्तकृत समुदाय, युवा, बालबालिका जेष्ठ नागरिक, पिछडिएको वर्ग लगायत सबै वर्ग र समुदायको सुझावलाई बजेट मार्फत समेट्ने प्रयास गरेको छु। साथै वार्षिक बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनौटमा सामाजिक न्याय र समावेशिता तथा समानुपातिक सिद्धान्त अवलम्बन गरिएको छ।

बजेटमा दिगो, भौतिक तथा सामाजिक पूर्वाधार विकासलाई पूरा गर्ने, आधारभूत स्वास्थ्य शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने तिनाउबासीको जीवनस्तरमा प्रत्यक्ष योगदान पुर्याउने स्थानीय सहभागिता जुट्ने, स्थानीय श्रोत, साधन र सीपको अधिकतम् प्रयोग हुने महिला, बालबालिका, तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लैंगिक समानता सामाजिक समावेशीकरण अभिवृद्धि हुने र वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने क्षेत्रलाई विशेष प्राथमिकतामा राखी बजेट तर्जुमा गरिएको वेहोरा यस सम्मानित गाउँ सभा समक्ष अवगत गराउन चाहन्छु।

"शिक्षा,स्वास्थ्य,कृषि,उद्योग,पर्यटन र पूर्वाधार समृद्ध तिनाउको मूल आधार" भन्ने मूल नारा सहित समृद्ध गाउँपालिका निर्माण गर्ने संकल्प, समस्त गाउँपालिकाबासीको समुन्नति, चाहना पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटलाई अभिमुख गरेका छौं।

सभाध्यक्ष महोदय,

तिनाउ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तर्जुमा गर्दा देहायका आधारहरु लिएको छ।

(क) संविधान एवम् प्रचलित कानूनी व्यवस्था

(ख) दिगो विकासका लक्ष्यहरु

(ग) श्रोत अनुमान तथा बजेट तर्जुमा समितिको सिफारिस

(घ) विभिन्न विषयगत समितिको सुझाव एवम् सिफारिस

(ङ) राजश्व परामर्श समितिले तयार गरेको वार्षिक आन्तरिक श्रोत

(च) संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ

(छ) अर्थ मन्त्रालय तथा योजना आयोगको नीति तथा निर्देशन

(ज) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(झ) लुम्बिनी प्रदेशको गाउँ सभा/नगर गाउँसभा (सञ्चालन कार्यविधि) ऐन, २०७६

(ञ) गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४

(ट) गाउँपालिकाबाट स्विकृत कार्य सम्पादन नियमावली, २०७४

(ठ) गाउँपालिका क्षेत्र भित्रका विषय विज्ञको राय, सल्लाह एवम् सुझावहरु

(ड) गाउँपालिकामा हाल सम्म तर्जुमा भएका ऐन/नियमावली/ निर्देशिका/ मापदण्ड/ रणनीति/ कार्यविधि

(ढ) विगतका अनुभव तथा सिकाई।

सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्ष २०८२।०८३ को बजेट कार्यान्वयन समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आर्थिक वर्ष २०८२।०८३ को लागि चालुतर्फ रु ३९ करोड ६४ लाख ८ हजार १ सय ६० र पुँजीगत तर्फ २५ करोड ५८ लाख ६७ हजार रुपैयाँ मात्र विनियोजन भएकोमा २०८३ असार ०९ गतेसम्म चाल तर्फ २५ करोड १२ लाख ५३ हजार ९ सय १५ रुपैयाँ देखिएको छ जुन चालु बजेटको ६३.३८ प्रतिशत हुन आउँछ। त्यसैगरी पुंजीगत तर्फ ९ करोड ८० लाख ८२ हजार ६ सय ९१ रुपैयाँ प्रगति देखिएको छ। जुन कुल पुँजीगतको बजेटको ३८.३३ प्रतिशत हुन आउँछ। यसप्रकार कुल खर्च रु ३४ करोड ९३ लाख ३६ हजार ६ सय ४ भएको छ। जुन कुल बजेटको ५३.५५ प्रतिशत खर्च प्रगति हुन गएको छ।

सभाध्यक्ष महोदय

अब म चालु आर्थिक वर्ष २०८३/०८४ का प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. शिक्षा
२. स्वास्थ्य
३. कृषि/पशु
४. पर्यटन
५. खानेपानी

सभाका अध्यक्ष महोदय,

अब म यस तिनाउ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को कूल आय र विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| क्र.सं. | आम्दानीको विवरण | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | ९ करोड ४७ लाख | |
| २ | संघीय सशर्त अनुदान | २३ करोड ८३ लाख | |
| ३ | संघीय विषेश अनुदान | ३ करोड ३९ लाख | |
| ४ | संघीय समपुरक अनुदान | ५० लाख | |
| ५ | संघीय राजश्व बाँडफाँड अनुदान | १० करोड ४३ लाख ५६ हजार | |
| ६ | प्रदेश समानीकरण अनुदान | ६२ लाख १२ हजार | |
| ७ | प्रदेश सशर्त अनुदान | ७० लाख | |
| ८ | प्रदेश विशेष अनुदान | २१ लाख | |
| ९ | प्रदेश समपुरक अनुदान | ७५ लाख | |
| १० | प्रदेश राजश्व बाँडफाँड अनुदान | १ करोड ८ लाख २५ हजार | |
| ११ | आन्तरिक राजस्व | ११ करोड ७३ लाख ६ हजार | |
| १२ | जनसहभागिता | १ करोड | |
| जम्मा | | ६३ करोड ७१ लाख ९९ हजार | |

आर्थिक वर्ष २०८३।०८४ को आय व्यय विवरणः

(क) पालिकास्तरीय योजना तथा कार्यक्रमहरुः

(ख) वडास्तरीय योजना तथा कार्यक्रमः

(ग)विषयगत शाखाहरुको चालु तथा पुँजीगत कार्यक्रम खर्चः

(घ)गाउँ कार्यपालिकाको प्रशासनिक खर्चः

(ङ) वडा कार्यालय तर्फ प्रशासनिक खर्चः

(च) गाउँपालिकाको पुँजीगत खर्चः

(छ) गाउँपालिकाको चालु कार्यक्रम खर्च

(ज) संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानः

(झ) प्रदेश सरकार सशर्त अनुदानः

(ञ) संघीय विशेष अनुदानः

(ट) प्रदेश विशेष अनुदानः

(ठ) संघीय समपूरक अनुदानः

(ड) संघीय समपूरक अनुदानमा पालिका साझेदारीः

सभाध्यक्ष महोदय,

यसरी हाललाई कुल बजेट अन्तर्गत चालु तर्फ रु.४६ करोड ४४ लाख ३९ हजार रुपैयाँ मात्र र पूँजीगत तर्फ १७ करोड २७ लाख ६० हजार रुपैयाँ मात्र गरि ६३ करोड ७१ लाख ९९ हजार रुपैयाँ विनियोजन गरिएको छ। आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय/व्ययको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ।

सभाध्यक्ष महोदय,

अब आर्थिक वर्षको बजेटका मुख्य क्षेत्र र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर अभिवृद्धी तथा पर्याप्त शैक्षिक संरचना निर्माण गर्नका लागि विभिन्न विद्यालयहरुको लागि नेपाल सरकारसगँको समन्वयमा रु २ करोड ४४ लाख बजेटको व्यवस्था गरेको छ। विद्यालयहरुको भौतिक पुर्वाधार ब्यवस्थापन, फर्निचर तथा प्रविधि मैत्री शिक्षाका लागि आबश्यक बजेट विनियोजन गरेको छ।

२. शैक्षिक गुणस्तर तथा विद्यार्थी टिकाउ अभियान सुरु गरि शैक्षिक गुणस्तर अभिवृद्धिको लागि आवासिय छात्रावासको कार्यक्रम लाई निरन्तरता प्रदान गरेको छ। जस सम्बन्धमा मस्याम मा. वि. छात्रावासको आबश्यक बजेट विनियोजन गरेको छ।

३. माध्यमिक शिक्षा परीक्षा तयारीका लागि विद्यालय अनुदानलाई यसवर्ष पनि निरन्तरता दिदै रु २२ लाख बजेट विनियोजन गरेको छ। उत्कृष्ट शिक्षक तथा विद्यार्थीलाई सम्मान तथा प्रोत्साहनको लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

४. दिवा खाजा कार्यक्रम सम्बन्धमा चालू आर्थिक बर्षमा अबलम्बन गरेको नीति तथा कार्यक्रमलाइ निरन्तरता दिनेलाई रु १२ लाख ५० हजार बजेटको व्यवस्था गरेको छ।

५. आवासीय विद्यालय कार्यक्रमलाई निरन्तरता स्वरुप पृथ्वी प्रकाश मा. वि. मा आवासिय विद्यालयको लागि आवश्यक बजेटको प्रबन्ध गरेको छ ।

६. बाल विकास तथा विद्यालय कर्मचारीको पारश्रमिकको लागि ८५ लाख विनियोजन गरेको छ ।

७. कृषिजन्य सामग्रीहरु मिनी टिलर, चाप कटर,टनेल,स्प्रेयर, प्लास्टिक पोखरी लगायतका सामाग्रीहरुको अनुदान निरन्तरताका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छ ।

८. कृषि क्षेत्रलाई प्रोत्साहित, सम्मानित गरी युवाहरुको आकर्षण गर्न उत्कृष्ट किसान सम्मानको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

९. कृषि कर्म गरिरहेका तिनाउबासी कृषकहरुलाई आपतकालिन रोग र किरा व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छ ।

१०. कृषि तथा दुग्ध व्यवासाय गर्ने कृषकलाई आत्मनिर्भर तथा व्यवसायमुखी बनाउन उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत दुग्ध उत्पादकलाई प्रति लिटर रु २ लाई रु ४ प्रति लिटर र कृषि उपजको व्रिक्री मूल्यमा ५ प्रतिशतको अनुदानलाई बृद्धि गरी ७ प्रतिशत पुर्याएको छ । जसका लागि रु ३० लाख विनियोजन गरेको छ ।

११. भूमिको उचित वर्गीकरण गरी कृषि विकास कार्यलाई सम्भाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरि उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

१२. खेतबारी बाझो नराख्ने तथा प्राङगारिक मललाई प्रर्बद्धन गर्न हल गोरु पाल्ने कृषकलाई प्रोत्साहनको लागि रु १५ लाख विनियोजन गरेको छ ।

१३. तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अनुरुप कार्यक्रम सञ्चालन गर्नको लागि नेपाल सरकारसगँको समन्वयमा रु ९५ लाख विनियोजन गरेको छ ।

१४. पशुहरुमा पि.पि.आर., रेविज, खोरेत र लम्पिस्किन लगायतका आवश्यक खोप सञ्चालनका लागि आबश्यक पर्ने बजेट विनियोजन गरेको छ ।

१५. पशु नश्ल सुधार को माध्यमबाट दुध र मासुको उत्पादन बढाउन कृत्रिम गर्भाधान कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छ ।

१६. तिनाउ गाउँपालिकामा खेतीयोग्य जमिनमा बाहैं महिना सिचाइ सेवा उपलब्ध गराउन साना तथा ठूला सिंचाइ संरचनाहरु निर्माण तथा मर्मत सम्भार गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१७. बेमौसमी व्यावसायिक खेती गर्ने कृषकहरुको लागि सम्भाव्यताका आधारमा सिंचाइ पाइप लगायतका आवश्यक सामाग्रीको लागि वजेटको व्यवस्था गरेको छ ।

१८. तिनाउ गाउपालिकामा रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरुको मर्मत सम्भार, संरक्षण तथा प्रचार प्रसार तथा पार्कहरुको मर्मत तथा ब्यवस्थापनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

१९. लघु उद्यम तथा घरेलु कार्यक्रम सञ्चालन गरी घरेलु तथा साना उद्योगको स्थापना गरी स्थानीय स्तरमा रोजगार सिर्जना गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु।

२०. महिलाहरुको क्षमता विकास गरी सिपमूलक बनाउन उपाध्यक्ष सँग महिला कार्यक्रमको लागि रु १० लाख बजेट विनियोजन गरेको छु।

२१. रोजगार सेवा केन्द्रलाई रोजगार सिप तथा उद्यमशिलता केन्द्र को रुपमा रुपान्तरण गरि एकीकृत रुपमा सेवा प्रवाह विस्तार गरिनेछ। सिप विकास ,उद्यमशिलता प्रर्वद्धन,पुनः एकीकरण,श्रम बजार विश्लेषण तथा रोजगारी सिर्जनाका लागि रु ११ लाख विनियोजन गरेको छु।

२२. सुरक्षित नागरिक आप्रवासन परियोजना (सामी) कार्यक्रमको निरन्तरताका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२३. गाउँपालिका अन्तर्गत सञ्चालित सहकारी संस्थाहरुको आर्थिक पारदर्शिता र दिगोपनाको लागि सफ्टवेयरद्वारा उचित व्यवस्थापन, नियमन तथा सञ्चालन गर्न संचालक र व्यवस्थापकहरूको कानून तथा कार्यविधि निर्माण सम्बन्धी तालिमको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

२४. विपन्न असहाय तथा अशक्तहरुको क्षमता विकास तथा असहायताको लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

२५. एक वडा एक महोत्सव अनुरुप सबै किसिमका धार्मिक तथा ऐतिहासिक महोत्सवलाइ सव्य र भव्य रुपमा सम्पन्न गर्नको लागि आवश्यक व्यवस्था गरेको छु।

२६. सत्यवती मेला लगायतको अन्य मेला महोत्सवको लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

२७. स्थानीय स्तरका पर्यटकीय स्थल तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्बर्द्धन लागि आवश्यक प्रबन्ध गरेको छु।

२८. ज्येष्ठ नागरिकहरुको सहज रुपमा स्वास्थ्य पहुँच सेवा पुर्याउन आवश्यक बजेटको प्रबन्ध गरेको छु।

२९. ब्लड बैंक सँग सहकार्य गरि रगतको सहज र निशुल्क तुरुन्त उपलब्ध गराउनको लागि आवश्यक रकमको प्रबन्ध गरेको छु।

३०. बिरामीहरुलाइ सहज रुपमा औषधीको उपलब्धताको लागि औषधी व्यवस्थापनको आवश्यक रकमको व्यवस्था गरेको छु।

३१. बिरामीलाइ प्रयोगका आधारमा आवश्यक औषधी उपलब्ध गराउन बिउ पूँजी प्रदान गरि सहुलियत दरमा फार्मेसी सेवा सञ्चालन गर्ने आवश्यक बजेटको व्यवस्था गरेको छु।

३२. प्रयोगशालाहरुको स्तरोन्नती तथा स्तरिय सेवाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३३. विभिन्न सरोकार वाला निकायहरु सँग समन्वय गरी स्वास्थ्य शिविरहरु सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

३४. पालिकामा प्रसुती तथा सडक दुर्घटनाका घाइतेहरुलाइ तत्काल स्वास्थ्य संस्थामा पुर्याउन यातायात सुविधाको लागि आवश्यक बजेट विनियोजन परेको छ ।

३५. पूर्ण संस्थागत प्रसूती सेवा युक्त गाउँपालिका घोषणा पश्चातको दिगोपनाका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

३६. पोषण मैत्री कार्यक्रम सञ्चालन तथा प्रसूति सेवा सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३७. समुदायमा स्वास्थ्य प्रबर्द्धनमा उल्लेखनिय भुमिका निर्वाह गरिरहनु भएको महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको छु ।

३८. गाउँपालिका भित्र घुम्ति प्रयोगशाला परीक्षणको निरन्तरता तथा थप प्रयोगशाला सञ्चालन सम्बन्धी कार्य गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

३९. आर्युवेदको प्रचार प्रसार योग ध्यान तथा साधना सम्बन्धी कार्यक्रमहरु  सञ्चालनको लागि आवश्यक व्यवस्था गरेको छु । आयुर्वेद तथा योग शिक्षालाई विद्यालयस्तर सम्म पुर्याई स्वस्थ र अनुशासित जीवनशैली निर्माणका लागि आवश्यक बजेट ब्यवस्थापन गरेको छु ।

४०. खानेपानीको सहज र सुरक्षित पहुँचको उपलब्धता पुर्याउने प्रयोजनका लागि लिफ्टिङ खानेपानी आयोजनाका लागि विद्युत महसुलमा ५०% अनुदान उपलब्ध गराउनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४१. खानेपानीको सुविधाबाट सबैलाइ समान रुपमा खानेपानी उपलब्ध गराउन सो सम्बन्धी संरचना तथा मर्मत सम्भार कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । स्वच्छ खानेपानीका लागि पानीको मुहान संरक्षण, शुद्धता परीक्षणका लागि आवश्यक बजेट ब्यवस्थापन गरेको छु । यस वर्ष पाईलेपानी खानेपानी ट्रिटमेन्ट प्लान निर्माणका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

४२. माग तथा आवश्यकतामा आधारित खानेपानी पाइप उपलब्ध गराउन ५० प्रतिशत अनुदानमा आधारित पाइप उपलब्ध गराउन आवश्यक व्यवस्था गरेको छु।

४३. पालिकाको मुख्य सडक मार्ग तथा अन्य आवश्यक स्थानमा शौचालय निर्माणको लागि आवश्यक व्यवस्था गरेको छु ।

४४. नेतृत्व र व्यक्तित्व विकास गरी भावनात्मक सम्बन्ध विकास गरी स्वस्थ तिनाउ अभियान अन्तर्गत गाउपालिकाका युवालाइ खेलकुदमा प्रोत्साहन गर्न रु ३० लाख बजेट प्रबन्ध गरेको छु।

४५. उत्कृष्ट तथा पालिकाबाट प्रतिनिधित्व गरी पदक बिजेता खेलाडीहरुलाइ प्रोत्साहनको लागि रकमको व्यवस्था गरेको छु।

४६. राष्ट्रप्रति रनिङ शिल्डलाइ थप प्रभावकारी बनाउने गरी आवश्यक रकमको प्रबन्ध गरेको छु।

४७. पालिका खेलमैदान तथा वडा स्थित खेल मैदानको निर्माण तथा संरक्षणको लागि आवश्यक व्यवस्था गरेको छु।

४८. युवाहरुलाइ सिपमूलक तालिम प्रदान गरि उद्यमशिल बनाउन प्रोत्साहित गर्ने कार्यको लागि आवश्यक व्यवस्था मिलाएको छु।

४९. तिनाउ गाउँपालिकालाइ बालमैत्री स्थानीय शासन पालिका घोषणा तथा दिगोपना कार्यक्रमको लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु। जसका लागि गाउँपालिकाका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

५०. वडा स्तरीय तथा पालिका स्तरीय महिला, दलित, आदिवासी ,युवा,अपांग, एकल महिला लगायतको लक्षित वर्गको सशक्तीकरण क्षमता विकास तथा सबलीकरणको लागि गाउँपालिकाबाट रु २४ लाख विनियोजन गरेको छु।

५१. जातीय छुवाछुत, घरेलु हिंसा, वालविवाह, लैंगिक विभेद, बोक्सी, कुप्रथा लगायतका विषयमा सचेतना कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरेको छु।

५२. विकासलाई दिगो र गुणस्तरीय बनाई अपेक्षित प्रतिफल हासिल गर्न साना तथा टुक्रे योजना हटाई नागरिकको आबश्यकताका आधारमा प्राथमिकताका साथ ठुला र बहुवर्षीय योजनाहरु कार्यान्वयनमा ल्याउने नीति बमोजिम वडा नं. १ को छतिवन ताल ओखलढुङ्गा बुढीकोट मोटर वाटो, रानीबगीया झिँगामारा ठुलिउदाङ्ग घैयार मोटरबाटो वडा नं. २ का दोभान झ्याङ्ला हरियाली मोटरबाटो, घोडेवास बडहरे मारावास मोटरबाटो, दोभान सालवास मोटरबाटो, वडा नं ३ का सिसुवा काभ्रचौर श्रीडाँडा मरेक मोटर वाटो, चौकिभञ्ज्याङ्ग देउराली झिल्टुङ मोटरबाटो, वडा नं ४ का गोवरवन्दी सत्यवती गिजनचौर मोटरबाटो, जलमाघाट जरुवा लुङग्राङ सत्यवती मो.बा., बौरीडाँडा सत्यवती गिजनचौर मो. बा., वडा नं. ५ का बुद्ध बिकास मा. वि. चार कोठे भवन निर्माण, चरचरे मरामकोट मो.बा., चरचरे कोलडाँडा कौडेलेक मो बा, बागजुरी बिस्कुनडाँडा भक्तेछाप मो. बा. र वडा नं. ६ का मस्याम जन्तिलुङ रिपाहा टोल सडक स्तरोन्नती, डुम्रे बेलडाँडाँ कोलाङ शिखरडाँडा गुफाचौर मो बा र डुम्रे खारपानी चिदिस मोटरबाटो गरी जम्मा १७ वटा योजनाहरु

बहुवर्षीय योजनामा राखी गुणस्तरीय पूर्वाधार, सुरक्षित तिनाउ र समुन्नत गाउँपालिकाको आधार निर्माण गर्न कुल १७ करोड स्रोत सुनिश्चितता गर्ने गरी चालु आर्थिक वर्षका लागि ५ करोड १० लाख विनियोजन गरेको छु।

५३. सडकहरुको मर्मत सम्भार तथा संरक्षणको लागि लेन्थमेन तथा आवश्यक कार्यको लागि प्रबन्ध गरेको छु।

५४. ठुला तथा गौरवका आयोजनाहरुलाइ समय मै सम्पन्न गरि उपलब्धी हासिल गर्न आवश्यक पर्ने स्रोतको लागि लागत साझेदारी मार्फत रकमको सुनिश्चित हुने प्रबन्ध मिलाएको छु।

५५. गाउँपालिकाभित्रका सबै भौतिक पूर्वाधार सडक, सिंचाई, भवन र खानेपानी जस्ता आयोजनाहरु सबै वडाहरुमा आवश्यकता, माग र औचित्यताको आधारमा निर्माण गर्ने कार्यको लागि आवश्यक व्यवस्था मिलाएको छु।

५६. गाउँपालिका स्तरीय गौरवका आयोजनाहरु थानीडाँडा मा.वि. भवन निर्माण, पृथ्वी प्रकाश मा.वि. होस्टल भवन निर्माण, दोभान स्वास्थ्य चौकी भवन निर्माणको कार्य सम्पन्नका लागि आवश्यक पर्ने रु १ करोड ३५ लाख ५० हजार बजेट प्रवन्ध मिलाएको छु।

५७. जलस्रोतको संरक्षण तथा सम्बर्द्धन गर्ने प्रयोजनार्थ आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

५८. गाउँपालिकामा टेलिफोन, नेटवर्क सेवा प्रभावकारी हुन नसकेका क्षेत्रहरुमा टेलिफोन तथा ईन्टरनेट सेवा प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाएको छु।

५९. समृद्धिका लागि वन परियोजना मार्फत सामुदायिक वन सँग समन्वय गरी  भूगोल तथा सम्भावना अनुरुपका आय आर्जनमा टेवा पुर्याउने प्रजातीका बिरुवा रोपण गर्ने कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाएको छु।

६०. विपद् ब्यवस्थापन सम्बन्धी कार्यक्रमहरुलाई टोलस्तर सम्म पुर्याई सचेतना जगाई विपद्बवाट हुने क्षति न्यूनिकरणका लागि कार्यक्रमहरु संचालन गर्न आबश्यक बजेट विनियोजन गरेको छु।

६१. वाढी पहिरो जस्ता विपदबाट हुने जोखिम न्यूनीकरणका लागी जोखिमयुक्त क्षेत्रमा तटवन्धन निर्माणका लागि आबश्यक बजेट विनियोजन गरेको छु।

६२. मानव बन्यजन्तु दन्द्ध स्वरुप जंगली वन्यजन्तुको कारण भएको क्षतिको पूर्ती तथा चोरी सिकारी नियन्त्रण सम्बन्धमा समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाएको छु।

६३. सामुदायिक वनको दिगो व्यवस्थापन तथा उपभोक्ता समितिलाई प्रशासनिक तथा आर्थिक कार्य सञ्चालन सम्बन्धी तालिमको लागि आवश्यक प्रबन्ध मिलाएको छु।

८९. खानेपानीको स्रोतलाई दीर्घकालिन बनाउन पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गर्ने कार्य तथा रिचार्ज पोखरीहरुको निर्माण गर्ने कार्यको लागि आवश्यक व्यवस्था मिलाएको छ।

६४. विपद प्रतिकार्यको लागि आवश्यक उपकरण तथा सामाग्रीको खरिद गरि वितरणको लागि आवश्यक व्यवस्था गरेको छ।

६५. तिनाउ गाउँपालिकामा आइपर्ने विविध प्रकृतिका विपद व्यवस्थापनको लागि उद्धार राहत लगायतको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ।

६६. संघ, प्रदेश र गाउँपालिकाबाट संगठन सर्वेक्षण तथा व्यवस्थापन बमोजिम कर्मचारीको स्तरवृद्दि तथा समुचित व्यवस्थापनको व्यवस्था मिलाएको छ।

६७. नेपाल सरकारले निजामती कर्मचारीहरुको तलवमा गरेको वृद्धि बमोजिम तिनाउ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तलबमान समान बनाउन आवश्यक बजेटको ब्यवस्था गरेको छ। करार तथा कार्यक्रमका कर्मचारीहरुको  तलवमान समेत नेपाल सरकारको निर्णय बमोजिम कामय गर्न आबश्यक बजेटको ब्यवस्था गरेको छ।

६८. कर्मचारीको क्षमता विकासका लागि आवश्यक विभिन्न अध्ययन,अभिमुखीकरण कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छ।

६९. गाउँपालिकाका सबै वडा तथा कार्यालयहरूमा सुझाव पेटिका, नागरिक वडापत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्थाका लागि उचित प्रबन्ध मिलाएको छ।

७०. गाउँपालिकाबाट सम्पादन हुने न्याय निरुपणको प्रकियालाई वस्तुनिष्ठ, व्यवस्थित र स्तरीय बनाउन सङ्गठन तथा ब्यवस्थापन सर्वेक्षणका आधारमा कानून समुहकै कर्मचारी ब्यवस्थापनका लागि आबश्यक बजेट ब्यवस्थापन गरेको छ।

७१. न्यायिक समितिबाट प्रदान गरिने न्यायिक निरुपणका लागि न्यायिक समितिको सचिवालय र इजलास स्थापना साथै क्षमता विकास सम्बन्धी तालिम,गोष्ठी र अन्तक्रिया कार्यक्रम सञ्चालनका लागी उचित रकम व्यवस्था गरेको छ।

७२. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका अधिकारको अधिनमा रहि गाउँपालिकालाई आवश्यक ऐन, नियम र कार्यविधिहरु जारी तथा संशोधन गर्ने कार्यलाई आर्थिक  वर्ष २०८२/०८३ मा निरन्तरता दिएको छ। यसका लागि उचित बजेटको व्यवस्था मिलाएको छ।

सभाध्यक्ष महोदय

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक बर्ष २०८३।०८४ को बार्षिक नीति तथा कार्यक्रम बमोजिम तिनाउ गाउपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यान्वयन र अनिवार्य दायित्व भुक्तानीको लागि स्थानीय सञ्चित कोषबाट विनियोजन हुने गरि हाललाइ रु ६३ करोड ७१ लाख ९९ हजार रुपैयाँ विनियोजन गरेको छु ।

आगामी आर्थिक बर्षका लागि कुल खर्च हाललाई ६३ करोड ७१ लाख ९९ हजार रुपैया विनियोजन गरेको छु । कुल विनियोजन मध्ये रु चालु तर्फ रु.४६ करोड ४४ लाख ३९ हजार रुपैयाँ मात्र र पूँजीगत तर्फ १७ करोड २७ लाख ६० हजार रुपैयाँ रहेको छ ।

आगामी आर्थिक बर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ११ करोड ७३ लाख ०६ हजार , नेपाल सरकारबाट प्राप्त हुने सबै खालको अनुदान गरि रु ४७ करोड ६२ लाख ५६ हजार र प्रदेश सरकारबाट प्राप्त हुने सबै खालको अनुदान गरि हाल रु ३ करोड ३६ लाख ३७ हजार तथा जनसहभागिता तर्फ रु १ करोड गरि जम्मा रु ६३ करोड ७१ लाख ९९ हजार रुपैयाबाट स्रोत व्यवस्थापन गर्ने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय

तिनाउ गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८३।०८४ को आय व्ययको विवरण यसै साथ अनुसूचीमा उल्लेख गरेको छु ।

प्रस्तुत बजेटको कार्यान्वयनबाट आर्थिक सुधारले गति हासिल गर्ने र उच्च एवं दिगो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न अनुकुल अवस्था सिर्जना हुने अपेक्षा गरेको छु । यस बजेटले निजी लगानी अभिवृद्धि गर्न,आर्थिक क्रियाकलापमा विस्तार गर्न,उद्यमशिलताको विकास गर्न र अर्थतन्त्रमा विविधिकरण ल्याई रोजगारीको अवसर सिर्जना गर्न महत्पूर्ण योगदान गर्ने विश्वास लिएको छु । यसबाट गतिशिलता र विकासमा तिव्रता आउने विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने सभाध्यक्ष,जनप्रतिनिधी, कर्मचारीहरु ,राजनीतिक दल, सामाजिक व्यक्तित्व ,तिनाउवासी सम्पूर्ण आमा बुबा दाजु भाइ तथा दिदि बैनी लगायत सुझाव दिनु हुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत बजेटको कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा सहित सबैमा धन्यवाद ।।।

**मितिः २०८३।०३।०९**

**लाल बहादुर थापा**
**उपाध्यक्ष**